**भूमि तथा कृषि अधिकार अभियान**
**मासिक अपडेट**
**जुलाई, २०१८ (१५ असार-१५ साउन २०७५)**

आत्मनिर्भर केन्द्र

राष्ट्रिय भूमि अधिकार मञ्च,

*सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, जिल्ला भूमि अधिकार मञ्च र राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले जुलाई २०१८ (१५ असार-१५ साउन, २०७५) महिनामा गरेको गतिविधिहरुको संक्षिप्त अपडेट यस प्रतिवेदनमा समावेश गरिएको छ)*

## गाउँ ब्लक पूर्जा निर्माण

यस महिना सर्लाहीमा २८८२ परिवारले ४८.७९ हेक्टर जग्गाको गाउँ ब्लक पूर्जा प्राप्त गरेका छन् । गाउँ पूर्जा प्राप्त गर्नका लागि आत्मनिर्भर केन्द्र र जिल्ला भूमि अधिकार मञ्चबाट जिल्लाका सरोकारवाला निकायसँग समन्वय गर्ने, सम्बन्धित परिवारलाई निवेदन दर्ता लगायतका विविध विषयमा सहजीकरण गर्ने लगायतका काममा सहजीकरण गरिएको थियो । पूर्जा वितरण समारोहमा हरिवन नगरपालिकाका प्रमुख गणेश प्रसाइ,, लालबन्दी नगरपालिका प्रमुख मान बहादुर खड्का, नापी कार्यालयका कर्मचारी, मालपोत कार्यालयका कर्मचारी लगायतको उपस्थिति रहेको थियो ।



गाउँ ब्लक पूर्जा वितरण गर्दै लालबन्दी नगरपालिकाका प्रमुख मान बहादुर खड्का

### मोही निवेदन दर्ता:

यस महिना सिराहामा १२०, सर्लाहीमा ११३ महोत्तरीमा ६३ र उदयपुरमा ६ गरी जम्मा ३०२ जनाको मोही बाँडफाँट निवेदन दर्ता भएको छ । सरकारकाले मोही निवेदनका दर्ताका लागि उपलब्ध गराएको समयसीमा नजिकिँदै गर्दा विभिन्न जिल्लामा मोही अभियान सञ्चालन भइरहेको छ। जिल्ला भूमि धिकार मञ्च र आत्मनिर्भर केन्द्रबाट मोही किसान तथा जग्गाधनीसँग छलफल, मोही किसान भेला तथा सरोकारवालासंगको भेटघाट र रेडियोबाट सूचना प्रसारण गरी किसानहरुलाई मोही निवेदन दर्ता प्रक्रिया तथा आवश्यक प्रमाणहरु बारे जानकारी गराइएको छ ।

### विस्थापित पुर्नस्थापनाका लागि जग्गा दर्ता

यस महिना विस्थापित पुनर्स्थापना अन्तर्गत १४ (गोरखा, धादिङ्ग, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, ओखलढुङ्गा, रामेछाप, सिन्धुली, चितवन, ललितपुर, मकवानपुर, पर्वत, तनहुँ र स्याङ्जा) जिल्लाका विस्थापित तथा जोखिमयुक्त क्षेत्रका **१५८** परिवारको सुरक्षित स्थानमा जग्गा खरिद गरी रजिष्ट्रेशन गरिएको छ । नयाँ घर बनाउनको लागि **१५८** परिवारले **५.४३** हेक्टर क्षेत्रफल जग्गा खरिद गरेका हुन् । यी मध्ये **१०५** परिवारको संयुक्त (श्रीमान्-श्रीमती) नाममा जग्गा रजिष्ट्रेसन पास भएको छ । जग्गा खोजी, निवेदन तथा सिफारिस पत्रहरू तयारी  र जग्गा दर्ता गराउनको लागि जिल्ला, स्थानीय तहमा समन्वय तथा सहजीकरणमा आत्मनिर्भर केन्द्रको टिमले सहयोग गरेको थियो ।



रसुवामा जग्गा दर्ता प्रक्रियामा सहजीकरण गर्दै आत्मनिर्भर केन्द्रका अभियानकर्ताहरु

## सदस्यता वितरण र नवीकरण

यस महिना उदयपुरका १२ गाउँ मञ्चमा महिला १२८ र पुरुष ११० गरी जम्मा २३८ जनालाई सदस्यता वितरण गरिएको छ । सदस्यता पाउनेमा दलित ४२, जनजाती १५२, ब्राम्हणक्षेत्री ४३, पिछडा वर्ग १ र ३ जना मधेसी छन् । यसैगरी यस महिनामा उदयपुरको २५ र ओखलढुंगा १३ गरी जम्मा ३८ वटा संगठनका ५०५ महिला, ४१९ पुरुष गरी जम्मा ९२४ जनाले सदस्यता नविकरण गराएका छन् । जसमा दलित १४९, जनजाती ४६१, ब्राम्हणक्षेत्री ३१०, पिछडा वर्ग ४ र मधेसी ६५ रहेका छन् ।

## संयुक्त पुर्जा निर्माणः

यस महिना उदयपुरमा **एक** परिवारको संयुक्त लाल पुर्जा निर्माण भयो । संयुक्त पूर्जा निर्माण भएको जग्गाको क्षेत्रफल **०.०१६** छ ।

## समाज कल्याण परिषद्को टिम समुदायमा

समाज कल्याण परिषद्बाट आत्मनिर्भर सेवा केन्द्रबाट सिन्धुपाल्चोक, बाँके, बर्दिया, दाङ, महोत्तरी, सर्लाही र रौतहट गरी सात जिल्लामा सञ्चालित भूमिहीन, जोताहा र सिमान्त किसानहरुको सामाजिक तथा आर्थिक अधिकार सवलीकरण परियोजनाको समाज कल्याण परिषद्बाट भईरहेको मूल्याङ्कनका लागि फिल्ड भ्रमण सम्पन्न भएको छ । समाज कल्याण परिषद्बाट गठित तीन सदस्यीय मूल्याङ्कन समूहले कार्यक्रम सञ्चालित जिल्लामध्ये सिन्धुपाल्चोक जिल्लामा २१ जुलाई र बाँके र बर्दियामा २८ जुलाईमा भ्रमण गरी मोही किसान, स्थानीय तहका जनप्रतिनिधी, जिल्ला संयोजक, संयुक्त पूर्जा निर्माण गरेका जोडीहरु लगायत अन्य लाभान्वित समूहसँग छलफल गर्‍यो । छलफलमा सहभागी भएका मोही किसान, स्थानीत तहका जनप्रतिनिधी लगायतले आत्मनिर्भर केन्द्रले भूमि अधिकारका लागि खेलेको भूमिकाका बारेमा मूल्याङ्कन समूहलाई जानकारी गराएका थिए । बैजनाथ गाउँपालिका वडा नं. ७ का वडाध्यक्ष सिताराम चौधरीका अनुसार आत्मनिर्भर सेवा केन्द्रले सञ्चालन गरेको संयुक्त पूर्जा अभियानलाई बैजनाथपुर गाउँपालिकाले अब आफ्नै अभियानकोरुपमा सञ्चालन गर्न लागेको छ । उहाँका अनुसार बैजनाथ गाउँपालिकाले '*सम्पत्तिमा दम्पत्तिको अधिकार*' भन्ने अभियानलाई गाउँपालिकाले आफ्नो नीति तथा कार्यक्रममा समावेश गरी संयुक्त पूर्जा निर्माण गर्ने जोडीलाई द्रूत सेवा लगायत अन्य कार्यक्रममा प्रोत्साहन उपलब्ध गराउन लागेको छ । एक महिनाभित्र सम्पन्न हुने मूल्याङ्कनका लागि समाज कल्याण परिषद्बाट त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक बलराम देवकोटा, कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका उपसचिव रविन्द्र सुवेदी र समाज कल्याण परिषद्का अधिकृत शशिधर शर्मा गरी तीन सदस्यीय मूल्याङ्कन समूह गठन गरेको छ ।



बाँके जिल्लाको बैजनाथपुर गाउँपालिकाका मोही किसानसँग मूल्याङ्कन टोली

## समीक्षा सम्पन्न

आत्मनिर्भर केन्दले  मेलम्ची नगरपालिका र पाँचपोखरी थाङ्पाल गाउँपालिकामा सञ्चालन गरिरहेको भुकम्प प्रतिकार्य तथा पुर्नलाभ परियोजनाको समीक्षा ३० र ३१ जुलाईमा मेलम्चीमा सम्पन्न भयो । समीक्षाले परियोजनाले समुदायमा पारको प्रभाव, महत्वपूर्ण सिकाई, सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष लगायतका विषयमा छलफल भएको थियो । समीक्षामा पहिलो दिन परियोजनाको प्रगति विवरण र यसका महत्वपूर्ण उपलब्धीको समीक्षा भएको थियो । दोश्रो दिन परियोजनाको सिकाई, लैङ्गिक तथा जवाफदेहिता वकालत लगायतका विषयमा छलफल भएको थियो । केयर नेपालका जिल्ला संयोजक अष्ट कार्कीले परियोजनाबाट ६ वटा नमुना घर र ६ वटा सुचना केन्द्र निर्माण भएको जानकारी गराउनुभयो । कार्यक्रमको दोश्रो दिन सहभागीलाई चार भागमा विभाजन गरी परियोजनाले राखेको योजना अनुसारको प्रगती, पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धनका लागि परियोजनाले गरेको सहयोग लगायतका विषयमा छलफल भएको थियो । सहभागिबाट जीविकोपार्जन परियोजनाद्वारा तरकारी व्यवस्थापन तथा प्रवर्द्धनका लागि निर्माण गरिएको संकलन केन्द्र प्रयोग नआएकोले स्थानीय कृषकबाट आवश्यकता र उत्पादन क्षमतालाई समेत मध्यनजर गरेर परियोजना सञ्चालन गर्दा थप प्रभावकारी हुने सिकाई प्रस्तुत गरिएको थियो । कार्यक्रममा आफ्ना धारणा राख्दै केयर नेपालका टिम लिडर सन्तोष शर्माले संस्थालाई यो स्थानमा पुऱ्याउन फिल्ड कर्मचारीको भुमिका रहेको उल्लेख गर्दै, सञ्चाललित परियोजनाको अवस्था, प्रगति र आगामी कार्ययोजना सहित लाग्न आग्रह गर्नुभयो । यसैगरी आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत देउजाले कार्यक्रममा अति विपन्न घर परिवारले घर निर्माण सम्पन्न गरेकाले कसरी कुन आयबाट सो कार्यक्रमबाट सम्पन्न भयो यसको फिल्ड कर्मचारीबाट सूचना सङ्कलन गर्नुपर्ने सुझाव दिनुभयो । उक्त समीक्षाले जीविकोपार्जनका लागि सहयोग गर्ने घरपरिवारले संयुक्त पूर्जा बनाउनको लागि वकालतीय काम जोडेर लैजाने निष्कर्ष निकालेको छ । दुई दिनसम्म सञ्चालन भएको गोष्ठीमा सिन्धुपाल्चोक जिल्लामा रहेर विभिन्न क्षेत्रमा काम गरिरहेका आत्मनिर्भर सेवा केन्द्र, केयर नेपाल लगायत अन्य संघसंस्थाका प्रतिनिधीसहित ४० जनाको  उपस्थिति रहेको थियो ।



समीक्षामा समूह छलफल गर्दै सहभागीहरु

## मोही अगुवा प्रशिक्षण सम्पन्न

प्रदेशनं. दुईका मोही किसानहरुसँग १८ जुलाई मा धनुषाको लालगढमा मोही जग्गा बाँडफाँड अभियान अन्तरगत मोही अगुवा प्रशिक्षण सम्पन्न भयो । सरकारले मोही निवेदन दर्ताका लागि तोकेको समयसीमा नजिकिँदै गर्दा जग्गा बाँडफाँडका लागि सबै मोही किसानको निवेदन दर्ता हुन सकोस् भन्ने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रममा सहभागी मोही किसानलाई निवेदन दर्ताका प्रक्रियाहरु, यसका लागि आत्मनिर्भर सेवा केन्द्र र जिल्ला भूमि अधिकार मञ्चले गर्ने सहजीकरण लगायतका विषयमा जानकारी गराइएको थियो । प्रशिक्षण कार्यक्रमको सहजीकरण गर्नुहुँदै आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत देउजाले मोहीहरु केवल भूमि सुधार कार्यालयमा धाएर तारिख थाम्ने भन्दा पनि आफ्नो अधिकारकाबारे सजग हुँदै एकजुट भएर लाग्नुपर्ने बताउनु भयो । उहाँले मोही हकका प्राप्त गर्नका लागि विभिन्न कानुनले गरेका व्यवस्थाहरु र यसका लागि आत्मनिर्भर केन्द्र र भूमि अधिकार मञ्चले गर्न सक्ने सहयोगका बारेमा जानकारी गराउनुभयो ।




**मोही भेलाका सहभागीहरु**

यसैगरी कार्यक्रमको दोश्रो सत्रको सहजीकरण गर्दै आत्मनिर्भर केन्द्रका नीति, वकालत तथा अनुसन्धान विश्लेषक जगत बस्नेतले मोहीहरु एकीकृत र संगठीत नभएसम्म उनीहरुको अधिकार स्थापित हुन नसक्ने भनाई राख्नुभयो । उक्त गोष्ठीमा मोही किसानबाट जग्गाधनीले मोही बापतको जग्गा बाँडफाँड गर्न इन्कार गरेको, बारम्बार तारिख धाउनु परेको लगायतका समस्या प्रस्तुत गरिएको थियो ।

**अनुसुचीः**

***सफलताका कथा***

## क. अब लुकाउनुपर्दैन पुर्जा

हेलम्बु गाउँपालिका-२, किउलकी सोममाया भण्डारीको ५ जनाको परिवार छ । २०७२ सालको भूकम्पले घर/गोठ सबै भत्किए । सासू पनि भूकम्पमा परिन् । श्रीमान् (नथबहादुर भण्डारी) सधैँ रक्सी खाएर हिँड्न थाले । बालबच्चा पढाउनेदेखि घर व्यवहारको सम्पूर्ण जिम्मेवारी सोममायाको काँधमा पर्‍यो । भूकम्पपश्चात घर व्यवहारमा समस्या बढ्यो । श्रीमान्ले झन् सताउन थाले । दिनरात घर झगडाका कारण छोराछोरीले विद्यालय छाडिसकेका थिए । मनमायाँ भन्छिन्- बालबच्चाका कारणले मैले सहेर बसेँ । नत्र कता पो हुन्थेँ ।'



यस्तो कठिन अवस्थामा घर कसरी बनाउने भन्ने पिरलो थियो उनलाई । मेलापात र बाखा गाई पालेर केही सहज त बनाएकी थिइन् तर त्यही पनि श्रीमान्ले रक्सी खानका लागि मागेर हैरान पार्थे । त्यसैमा उनीहरूको झगडा सुरु हुन्थ्यो । त्यो पनि दैनिकजसो ।

भूकम्पपश्चात सरकारले घर निर्माण गर्न ३ लाख रुपियाँ दिने घोषणा गर्‍यो । तर त्यतिले घर बन्छ कि बन्दैन भन्ने चिन्ता थियो उनलाई । सरकारले बनाएको लाभग्राही कार्ड पनि श्रीमान्को नाममा थियो । पहिलो किस्ता सम्झौताका आधारमा सरकारले ब्याङ्कमार्फत उपलब्ध गरायो । 'म आफैँ श्रीमान्लाई लिएर ब्याङ्क गएँ । पछि हेल्भेटास नेपालबाट साविकको किउल वडा नं. ४ मा घर बनाउन सहयोग गर्ने निर्णय भयो । त्यसमा साविकको वडा नं. ४ छनोटमा पर्‍यो । घर बनाउन चिन्ता भएको बेलामा सहयोग गर्छौँ भन्ने संस्था आए । धेरै खुसी भएँ । घर बनाउने चिन्ताबाट केही मुक्ति मिल्यो । अहिले घर सम्पन्न भएको छ । हामीले प्राविधिक र सामग्री पायौँ । पैसा पनि मिल्यो । घर बनाउन यति सहज होला जस्तो लागेको थिएन'- सोममायाले खुसी व्यक्त गरिन् । भूकम्पभन्दा अघि ४ रोपनी जति धान खेत थियो । श्रीमान्ले कुन समयमा बेचे थाहै भएन । जमिन बेचेको पैसा कता हाले, त्यसको पनि कुनै पत्तो छैन । अहिले ०.२ हेक्टर जमिन छ । उनले थपिन्- त्यही जमिनमा हामीले घर बनाएका छौँ । त्यो पनि बेचिदिने हुन् कि भनेर जमिनको पुर्जा लुकाएर राखेको थिएँ । त्यो जमिन पनि बेचिदिए भने हामी सुकुमबासी हुन्छौँ कि भन्ने चिन्ता थियो ।

सोममाया भन्छिन्- गाउँमा महिला अधिकार र संयुक्त पुर्जाको विषयमा छलफल चल्यो । छलफलबाट जमिन कसरी सुरक्षित हुन्छ भन्ने कुरा बुझेँ । त्यसैले पुर्जा सङ्कलनका क्रममा मैले पनि पुर्जा निकालेँ । संयुक्त पुर्जा बनाउन कागजपत्र तयार गर्न लगाएँ । घरबाट त्यति सजिलो थिएन मेरो नाममा जमिन जोडिन । त्यसैले केही जुक्ति

अपनाएर हस्ताक्षर गर्न लगाइ गाउँमा टोली आउँदा संयुक्त पुर्जा बनाए। अहिले मैले पुर्जा लुकाउनु पर्दैन। श्रीमान् सुध्रन्छन् कि सुध्रँदैनन् आफ्नो ठाउँमा छ तर हामी सुकुमबासी हुँदैनौं भन्नेमा चाहिँ ढुक्क छु। अब बेचेर खाइदिने डर छैन।

## ख. 'अब मेरो आफ्नै लालपूर्जा भएको छ'



उत्तरी रसुवाको एक विकट बस्ती टेटाङ्चे। पहाड चढेर मात्र पुग्न सकिन्छ। थोरै मात्र भुगोल खेतीपाती र बसोबासको लागि उपयुक्त छ, पहाडले घेरिएको बस्ती। उक्त बस्तीमा रहेका घर परिवार मध्ये १४ परिवार जोखीमयुक्त क्षेत्रमा रहेका थिए। ती घरहरु मध्ये एउटा घर हो बाखे तामाङको। सानै उमेरमा आमाबाबु नै गुमाएका रसुवा जिल्ला आमाछोदिङ्मो- ५, टेटाङ्चे स्थायी घर भएका बाखे तामाङले जीवनमा धेरै दुःख भोगे। उनका अनुसार उनले जीवनको लामो समय अरुको गोठमा विताए। जहाँ बस्तुभाउको हेरचाह गर्नुपर्थ्यो। अरुको खेतीपातीमा ज्यालामजदूरी गरी जीविका धान्नु पनि छँदै थियो। उनका ४ भाई छोरा छन्। उनीहरू हुर्केबढे पछि विवाह गरी आफ्नै तरिकाले बसोबास गर्न थाले। घरमा बुढाबुढी मात्रै थिए। उनी भन्छन्, "दमको रोगले श्रीमती पनि लग्यो। अहिले एक्लै छु।"

लामो समयदेखि भौगर्भिक अध्ययनको माग गरिरहेका उनीहरूकोमा आत्मनिर्भर सेवा केन्द्रको सहजीकरणमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट भौगर्भिक अध्ययन टोली त्यहाँ पुगी अध्ययन गराइयो। भौगर्भिक अध्ययन भएको केही महिनापछि उनीहरूको नाम जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेका परिवारको सूचिमा पऱ्यो।

बाखे तामाङ र उनका गाउँका स्थानान्तरणको लाभग्राही सूचीमा नाम प्रकाशन भएपछि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट १४ परिवारले २ लाख रुपियाँ नयाँ सुरक्षित ठाउँमा घर बनाउनको लागि थप अनुदान सहयोग पाउने भए। उक्त २ लाख रुपियाँ अनुदान लिने प्रक्रिया र जग्गा दर्ता गराउने प्रक्रियामा आत्मनिर्भर सेवा केन्द्रबाट सहजीकरण भइरहेको छ। जग्गाको स्थलगत अध्ययन गर्ने, जग्गा दर्ता गर्ने प्रक्रिया र अनुदान लिने प्रक्रियामा सहजीकरण गरी बाखे तामाङ लगायत उनको गाउँका थप विस्थापितलाई पनि सहयोग गरिएको छ। यसबाट उनीहरू खुसी भएका छन्। बाखे भन्छन्, "ठूलो समस्यामा थियौं, घर भत्किएको थियो, पुरानै ठाउँमा घर बनाउन सकिने अवस्था थिएन। घर भएको ठाउँमाथि बाट पहिरो आएको थियो। हरेक दिन जोखीमपूर्ण थियो। यसैबीच आत्मनिर्भर सेवा केन्द्रबाट आउनुभएका साथीहरुले हामीलाई सुरक्षितस्थानमा जग्गा किन्न सहयोग गर्नुभयो। ४ आना क्षेत्रफलको जग्गाको लालपुर्जा पाएँ। खुसी लागेको छ। अव त्यहीँ घर बनाउँछु।"